**सामाजिक सुरक्षा कोष**

**विविध सेवा, कम्प्युटर इन्जिनियरिङ्ग समूह, चौथो तह, सहायक कम्प्यूटर अपरेटर पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

**एवं परीक्षा योजना**

**पाठ्यक्रमको रुपरेखाः** यस पाठ्यक्रमको आधारमा निम्नानुसारका चरणमा परीक्षा लिइने छ।

**प्रथम चरणः** लिखित परीक्षा पूर्णाङ्कः २००

**द्वितीय चरणः** (क) प्रयोगात्मक परीक्षा पूर्णाङ्कः ५०

(ख) अन्तर्वार्ता पूर्णाङ्कः ३०

## १. प्रथम चरणः लिखित परीक्षा (Written Examination) पूर्णाङ्क :- २००

| पत्र | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | | प्रश्न संख्या X अङ्क | समय |
|---|---|---|---|---|---|---|---|
| प्रथम | सार्वजनिक व्यवस्थापन र सामाजिक सुरक्षा | १०० | ४० | विषयगत | छोटो उत्तर | १२ प्रश्न X ५ अङ्क | २ घण्टा ३० मिनेट |
| | | | | | लामो उत्तर | ४ प्रश्न X १० अङ्क | |
| द्वितीय | सेवा सम्वन्धी | १०० | ४० | वस्तुगत | बहुवैकल्पिक प्रश्न | ५० प्रश्न x १अङ्क | ४५ मिनेट |
| | | | | विषयगत | छोटो उत्तर | १० प्रश्न x ५ अङ्क | १ घण्टा १५ मिनेट |

## २. द्वितीय चरण : प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता पूर्णाङ्क :- ८०

| विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|
| प्रयोगात्मक परीक्षा | ५० | २५ | प्रयोगात्मक | ४५ मिनेट |
| अन्तर्वार्ता | ३० | - | मौखिक | - |

**द्रष्टव्यः**

१. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुन सक्नेछ ।

२. प्रथम र द्वितीय पत्रको लिखित परीक्षा छुट्टाछुट्टै हुनेछ।

३. लिखित परीक्षामा सोधिने प्रश्नसंख्या र अङ्कभार यथासम्भव सम्बन्धित पत्र/विषयमा दिईएअनुसार हुनेछ ।

४. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरूको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।

५. वस्तुगत बहुवैकल्पिक हुने परीक्षामा परीक्षार्थीले उत्तर लेख्दा अंग्रेजी ठूलो अक्षर (Capital letter) A,B,C,D मा लेख्नुपर्नेछ । सानो अक्षर (Small letter) a,b,c,d लेखेको वा अन्य कुनै सङ्केत गरेको भए सबै उत्तरपुस्तिका रद्द हुनेछ ।

६. विषयगत प्रश्नका हकमा एउटा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दुई भन्दा बढी भाग (Two or more parts of a single question) वा एउटा प्रश्न अन्तर्गत दुई वा बढी टिप्पणीहरू (Short notes) सोध्न सकिने छ ।

७. बिषयगत प्रश्नमा प्रत्येक खण्डका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरू हुनेछन्। परीक्षार्थीले प्रत्येक खण्डका प्रश्नको उत्तर सोही खण्डको उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

८. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/विषयका विषयवस्तुमा जेसुकै लेखिएको भएतापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरू परीक्षाको मितिभन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाइएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।

९. प्रथम चरणको परीक्षाबाट छनौट भएका उम्मेदवारहरूलाई मात्र द्वितीय चरणको परीक्षामा सम्मिलित गराइनेछ।

१०. पाठ्यक्रम स्वीकृत मिति :२०८०/०८/२१

## सामाजिक सुरक्षा कोष
## विविध सेवा, कम्प्युटर इन्जिनियरिङ्ग समूह, चौथो तह, सहायक कम्प्यूटर अपरेटर पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

### प्रथम-पत्रः
### सार्वजनिक ब्यवस्थापन र सामाजिक सुरक्षा
### खण्ड क -५० अङ्क
**(६ प्रश्न × ५ अङ्क र २ प्रश्न × १० अङ्क)**

**१. सार्वजनिक व्यवस्थापन**

१.१ राज्य र सरकारः परिचय, अर्थ र महत्व
१.२ कानूनी राज्यको परिचय, अर्थ र महत्व
१.३ संघीयताको परिचय, अर्थ र महत्व
१.४ लोकतन्त्र, समावेशीकरण र सामाजिक न्याय
१.५ मानव अधिकार र मौलिक हक
१.६ सार्वजनिक प्रशासनः परिचय, अर्थ, उद्देश्य, र महत्व
१.७ संगठनः परिचय, उद्देश्य, प्रकार र महत्व
१.८ समुह गतिशिलता तथा समुहकार्य
१.९ चालु आवधिक योजनाः उद्देश्य, रणनीति र प्राथमिकताका क्षेत्र
१.१० जनसंख्या तथा वसाईंसराइ
१.११ आर्थिक प्रशासनः परिचय, अर्थ, उद्देश्य, र महत्व
१.१२ सार्वजनिक बजेटः अर्थ, उद्देश्य, र महत्व

### खण्ड ख- ५० अङ्क
**(६ प्रश्न × ५ अङ्क र २ प्रश्न × १० अङ्क)**

**२. सामाजिक सुरक्षा र सामाजिक सुरक्षा कोष - २५ अङ्क**

२.१ सामाजिक सुरक्षाको अर्थ र परिभाषा
२.२ सामाजिक सुरक्षाको उद्देश्य, महत्व तथा आवश्यकता
२.३ सामाजिक सुरक्षाका आधारभुत अवधारणाहरू
  २.३.१ सामाजिक सुरक्षा जालो
  २.३.२ अधिकारमा आधारित सामाजिक सुरक्षा
  २.३.३ आवश्यकतामा आधारित सामाजिक सुरक्षा
  २.३.४ योगदानमा आधारित सामाजिक सुरक्षा
  २.३.५ विस्तृत सामाजिक सुरक्षा प्रणालीको अवधारणा र आवश्यकता
२.४ सामाजिक बीमा र सामाजिक सहयोग
२.५ सामाजिक बीमा र निजी बीमाको अवधारणा र तुलना
२.६ सामाजिक सुरक्षा कोष : परिचय, दुरदृष्टि, लक्ष्य, उद्देश्य ,रणनीति, संगठनात्मक संरचना

**३. कानुनी व्यवस्थाहरू - २५ अङ्क**

३.१ योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४
३.२ योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५

३.३ सामाजिक सुरक्षा कोषको कर्मचारी प्रशासन विनियमावली, २०७५

३.४ सामाजिक सुरक्षा योजना संचालन कार्यविधि, २०७५

३.५ वैदेशिक रोजगारमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका व्यक्तिको लागि योगदानमा आधारित सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७९

३.६ अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिको सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७९

३.७ रोजगारदाता र श्रमिकको सूचीकरण सम्बन्धी कार्यविधि, २०७५

३.८ नेपालको संविधान २०७२ (भाग १ देखि ५ सम्म र अनुसुचीहरू)

**प्रयोगात्मक परीक्षा योजना (Practical Examination Scheme)**

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | विषयवस्तु | प्रश्न संख्या | अङ्क | समय |
|---|---|---|---|---|---|---|
| प्रयोगात्मक परीक्षा | ५० | प्रयोगात्मक | Devnagari Typing | १ | १० | ५ मिनेट |
| | | | English Typing | १ | १० | ५ मिनेट |
| | | | Word Processing (Ms-Word) | १ | १२ | ३५ मिनेट |
| | | | Electronic Spreadsheet (Ms-Excel) | १ | १२ | |
| | | | Database Management System (Ms-Access) | १ | ३ | |
| | | | Presentation System (Ms-Powerpoint) | १ | ३ | |
| **जम्मा** | | | | **६** | **५०** | **४५ मिनेट** |